**रुपनी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**रुपनी , सप्तरी**

**मधेश प्रदेश (नेपाल)**

## विद्युतिय कारोबार मार्फत दरभाउपत्र आहवान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०४**

यस रुपनी गाउँपालिका, गाउँ कार्यपालिकको कार्यालयले राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र अन्तर्गत रुपनी गाउँपालिकामा औषधी खरिद र डेलिभरीको लागि योग्य बोलपत्रदाताहरुबाट ईलेक्ट्रोनिक बोलपत्र अह्वान गर्दछ ।

| सि नं | ठेक्का नं | कामको विवरण | लागत अनुमान मु.अ. कर बाहेक | दारभाउ पत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | 1/SQ/RPNI MUN/ 2082/083 | औषधी तथा सर्जिकल समानहरु | १५६५०००।०० | १०००।०० | प्रथम पटक प्रकाशित मितिले १५औं दिन सम्म | १६औं दिन दिनको १२:०० बजे | १६औं दिन दिनको २:०० बजे | ४६९५०।०० |

थप जानकारीको लागि रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको Webside: https://rupanimun.gov.np वा PPMO को e-GP प्रणाली bolpatra.gov.np/egp मा जानुहोस् ।

प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु यस प्रकारका छन् ।**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस रुपनी गाउँपालिका राजश्व शाखामा नियमानुसार वा रुपनी गा.पा.को राजस्व खाता नम्बर २५८०४०१००००१२ मा रु १,०००।- दस्तुर (पछि फिर्ता नहुने गरि) दरभाउपत्र फारम bolpatra.gov.np बाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फारम खरिद गर्न लिखित निवेदन साथ आ.व. ०८२/८३ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोबार संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. ०८१।८२ को कर चुक्ता प्रमाण पत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सौं दिनको १२:०० बजे भित्र दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ । म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस गाउँपालिका कार्यालयले खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. दरभाउपत्र दाताले दरभाउपत्र जमानत धरौटी वापत नगद जमानत भए गाउँपालिकाको नाममा ग्लोवल IME बैंक रुपनी शाखामा रहेको ग ३ धरौटी खाता रुपनी को खाता नं २५८०४०१०००००५ मा जम्मा गरि सोको सक्कलै भौचर वा बैंक जमानत भए कम्तिमा १२० दिन म्याद भएको वाणिज्य वैंक (क श्रेणी) बाट यस गाउँपालिकाको कार्यालयको नाममा जारी भएको बैंक जमानत (विड वण्ड) दरभाउपत्र साथ संलग्न राख्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा स्वीकृत भएको सूचना दिएको १५ दिन भित्र कानुन बमोजिम धरौटी वापत रकम माथि उल्लेख वाणिज्य वैंक बाट जारी भएको कार्य सम्पादन जमानत (प्रफरमेनस वण्ड) वा माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कलै वैंक भौचर पेश गरि सम्झौता गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको टिपेक्स लगाएको ठाउमा सहीछाप नगरेको, दरभाउपत्र फारमको फोटोकपी गरि पेश गरेको, यस गाउँपालिकाको कार्यालयबाट विक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखि पेश गरेको दरभाउपत्रलाई मान्यता दिइनेछैन ।

६. आपुर्तीकर्ताले WHO GMP प्राप्त कम्पनीको औषधीहरु मात्र आपूर्ती गर्नु पर्नेछ । नेपालमा उत्पादित बाहेकका कम्पनीहरुबाट उत्पादीत औषधी आपूर्ती गर्नु पर्ने भएमा औषधी व्यवस्था विभागमा अनिवार्य रुपमा दर्ता भएको हुनु पर्नेछ ।

७. आपूर्ती गर्ने औषधीको मान्य हुने अवधि (एक्सपायरी डेट) मिति स्टोर दाखिला भएको दिनबाट कम्तीमा १८ महिना बाकी हुनु पर्नेछ

८. आपूर्ती हुने औषधीहरुको स्ट्रीप र बोतलको प्रत्येक प्याकिगं बाहिर उत्पादन मिति एक्सपायरी डेट तथा व्याच नं. अनिवार्य उल्लेख हुनु पर्नेछ । साथै नेपाल सरकारवाट नि:शुल्क वितरणको लागि भन्ने लोगो प्रत्येक स्ट्रिप र वोतलमा अनिवार्य लगाउनु पर्नेछ ।

९. म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।

१०. नेपाल सरकारको हितलाई ध्यानमा राखि प्राप्त दरभाउपहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकाको कार्यालयमा निहित रहनेछ।

११. दरभाउपत्र स्वीकृत भई कार्यलयले तोकेको समय भित्र औषधी र सर्जिकलसामानहरु आपूर्ती गर्नु पर्नेछ।

१२. आपूर्ती गरिने औषधीहरु र सर्जिकल सामानहरु तोकिएको समय भित्र केही अंश वा सम्पूर्ण आपूर्ती हुन नसकेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजानिक खरिद नियमावली २०६४ बमोजिम कार्यवाही हुनेछ।

१३. खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाभिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित स्व-घोषणा गरेको पत्र दरभाउपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ। सो घोषणा पत्र दरभाउपत्र साथ संलग्न नभएमा मान्यता हुने छैन।

१४. आपुर्तीकर्ताले सप्लाई गरेको औषधी तथा अन्य सामानहरुको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपूर्ती कर्ता स्वयमले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्नेछ। परिक्षणमा लाग्ने खर्च आपूर्तीकर्ता स्वयमले व्यहोर्नु पर्नेछ।

१५. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।